म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २०२ २०८१ जेठ ३२ गते शुक्रबार 14 June 2024, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

## लिखित परीक्षामा १२ न्यायाधीश पास

काठमाडौं: खुला प्रतिस्पर्धाबाट ४२ जना जिल्ला न्यायाधीश छनोटका लागि भएको लिखित परीक्षामा जम्मा १२ जना मात्र उतीर्ण भएका छन् । लोकसेवा आयोगले लिएको लिखित परीक्षामा २०३ जना सहभागी भएकामा १२ जना मात्र उतीर्ण भएका हुन् । न्याय सेवामा कार्यरत कर्मचारीहरुका लागि मात्रै सीमित गरिएको २१ सिटमा ४ जनामात्रै लिखित परीक्षामा पास भएका छन् । खुला प्रतिस्पर्धाका लागि १२ सिट छुट्याइएकोमा ७ जना पास भएका छन् । आदिवासी जनजातिका लागि २ जनाको सिट रहेकोमा एकजना पास भएका छन् । महिला, मधेशी, दलित र अपाङ्ग कोटामा कोही पनि पास भएका छैनन् । लिखित परीक्षामा उतीर्ण भएकाहरुमा अञ्जनराज सापकोटा, कमलकान्त जोशी, चन्द्रमणि चापागाईं, तिलक कार्की, नारायण सापकोटा, नीतिज राई, बसन्तराज जोशी र मनिराम ज्ञवाली छन् । तोकिएको सिटभन्दा धेरै कम परीक्षार्थी मात्र लिखित परीक्षामा उतीर्ण भएकाले उनीहरु अन्तर्वार्ताबाट पनि छनोट हुने निश्चितजस्तै छ ।

### पहिरोको उच्च जोखिममा बागमती

# डेढ लाख जनसंख्या प्रभावित हुने अनुमान



समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश विपद् जोखिमको दृष्टिकोणले बहुप्रकोपीय उच्च जोखिममा छ । बागमतीमा बाढी, पहिरो र चट्याङजस्ता विपद्को जोखिम अधिक रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अनुमान रहेको छ ।

प्रदेशका जिल्लाहरु पहिरोको उच्च जोखिममा रहेको प्राधिकरणले जनाएको छ । प्रदेशको रसुवा, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, धादिङ, नुवाकोट, ललितपुर र मकवानपुर पहिरोको उच्च जोखिममा रहेका छन् भने मध्य तराईमा पर्ने मकवानपुर, चितवन, सिन्धुलीसहित उपत्यकाको काठमाडौंमा बाढीको उच्च जोखिम रहेको छ ।

प्रदेशमा सुनकोशी, भोटेकोशी, तामाकोशी, त्रिशुली, राप्ती, बागमतीसमेत अन्य सानाठूला ३३ वटा नदी छन् । नदी र मुख्य जलाधारबाट उत्पन्न बाढी तथा डुबानका घटना हुने गरेको विगतको तथ्यांकले देखाउँछ । विगतका वर्षमा नुवाकोट, सिन्धुपाल्चोक, मकवानपुर, ललितपुर र काभ्रेपलाञ्चोकमा सबैभन्दा बढी पहिरोका घटना भएकोमा नुवाकोट जिल्लामा सबैभन्दा बढी क्षति भएको थियो ।

बागमतीमा यसवर्ष विपद्बाट ३३ हजार ३ सय ७१ घरधुरी प्रत्यक्ष प्रभावित हुने आंकलन गरिएको छ । प्रदेशमा मनसुनका कारण झण्डै डेढ लाख जनसंख्या प्रभावित हुने अनुमान छ । प्रदेशमा १ लाख ४५ हजार नागरिक विभिन्न विपद्का घटनाबाट प्रभावित हुने अनुमान गरिएको छ ।

### विपद्बाट एक वर्षमा ६१ जनाको मृत्यु

बागमती प्रदेशमा विपदका घटनामा एक वर्षको अवधिमा ६१ जनाले ज्यान गुमाएका छन् । २०८० जेठ २२ देखि २०८१ जेठ २२ गतेसम्म प्रदेशमा भएको विपद्सम्बनधी विभिन्न ८३६ घटनामा ६१ जनाको मृत्यु भएको प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार विपद्का घटनामा परेर १७७ जना घाइते भएका छन् भने ३ जना बेपत्ता भएका छन् । एक वर्षको अवधिमा भएको विपद्को घटनामा करिव ५१ करोडको क्षति भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयको तथ्यांकअनुसार विपद्का घटनाले १७८ पूर्वाधारको क्षति भएको छ भने ६३१ पशुचौपायाको मृत्यु भएको छ ।

मन्त्रालयको तथ्यांकअनुसार एक वर्षको अवधिमा प्रदेशमा ४९७ आगलागीका घटना भएका छन् भने १२३ स्थानमा वन डढेलो, १०८ पहिरो, ४२ जनावर आतंक, १६ भारी वर्षा भएको छ । बाढी १२, हुरीबतास ११, अन्य गैरप्राकृतिक विपद् ३, सर्पदंश ३, हिमपहिरो ३ र भूकम्प एक पटक गएको मन्त्रालयको तथ्यांक रहेको छ ।

### १० वर्षमा विपद्बाट ११ हजार ८५२ जनाको मृत्यु

बागमती प्रदेशमा १० वर्षको अवधिमा विपद्का घटनामा परेर ११ हजार ८५२ जनाको मृत्यु भएको तथ्यांक रहेको छ । १० वर्षको अवधिमा विपद्का घटनामा परेर प्रदेशमा ७ खर्ब रुपैयाँ बराबरको आर्थिक क्षति भएको छ ।

२०६९ देखि २०७९ सम्मको तथ्यांक विश्लेषण गर्दा प्रदेशभर बाढी, पहिरो, भूकम्प, आगलागीका ५ हजार ५८१ घटनामा सो क्षति भएको हो । प्रदेशमा ६०२ वटा पहिरोका घटनामा ३ सय जनाको मृत्यु भएको छ । विगत १० वर्षमध्ये २०७७ सालमा पहिरोबाट सबैभन्दा बढी मानिसको मृत्यु भएको तथ्यांक छ ।

प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयकी सूचना अधिकारी रविता कार्कीका अनुसार १० वर्षको अवधिमा भूकम्पमा परेर ८ हजार ३७०, आगलागीमा ४६९, बाढीमा परेर एकहजार १२८ र पहिरोमा परेर एक हजार ८८५ जनाको मृत्यु भएको हो । विद्का घटनाबाट ११ लाख ९९ हजार ६१६ जनसंख्या प्रभावित बनेको उहाँले बताउनुभयो । ५ लाख चार हजार निजी घार क्षतिग्रस्त भएको उहाँको भनाइ छ । सूचना अधिकारी कार्कीका अनुसार भूकम्प, आगलागी, बाढी र पहिरोका कारण ७ खर्ब ६५ अर्ब ७९ करोड ८८ लाख ४० हजार बराबरको क्षति भएको छ ।

### गोदाम घर सञ्चालनको तयारी

प्रदेश स्थापना भएको ७ वर्षको अवधिमा विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन ऐन २०७५, प्रदेश विपद् व्यवस्थापन नीति २०७६, प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना (२०७६-२०८७) लगायतका विभिन्न कानुनहरु तर्जुमा भई कार्यान्वयनमा रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ । मन्त्रालयले विपद् व्यवस्थापनका लागि ३ वटै सुरक्षा निकायलाई तयारी अवस्थामा रहन निर्देशन गरेको छ भने मनुसनजन्य विपद् प्रतिकार्य योजना तयार पारिरहेको सूचना अधिकारी कार्कीले बताउनुभयो । विषयगत मन्त्रालय र निकाय तथा जिल्लास्थित कार्यालयबाट विपद् व्यवस्थापनका योजना र सुझावहरुसहित कार्यान्वयनमा अघि बढ्ने सरकारको तयारी रहेको उहाँको भनाइ छ ।

उहाँका अनुसार विपद् व्यवस्थापनका लागि ३ वटा सुरक्षा निकायहरुबिच छलफल तथा बहस कार्यक्रमहरु सञ्चालन गरिएको छ । ३ वटै सुरक्षा निकायहरु सम्मिलित विज्ञ छलफल तथा विपद् प्रतिकार्य डेमोस्ट्रेसन (अभ्यास) सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो ।

प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठका अनुसार विपद् व्यवस्थापनका लागि मन्त्रालयले संघीय र स्थानीय तहसंगको समन्वयमा विपद् प्रभावित नागरिकको पुनःस्थापना काम अघि बढाइएको छ । तर, सो कार्यको प्रगति र उपलब्धीमा सन्तुष्ट हुने अवस्था नरहेको उहाँले बताउनुभयो ।

विपद् न्यूनीकरणका लागि प्रदेशका तीन स्थानमा विपद् सामग्री भण्डारणको निमित्त गोदाम घर स्थापना गरी सञ्चालनमा ल्याउने तयारी भइरहेको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो । मकवानपुरको हेटौंडा, नुवाकोट र काभ्रेका गोदाम घरमा विपद् उद्दार सामग्रीहरु पुर्‍याउने तयारी रहेको उहाँले बताउनुभयो । सो गोदाम घरहरुमा विपद् सामग्री राख्न र आवश्यकताका आधारमा परिचालन गर्न सक्ने गरी विपद् सामग्री खरिदको अन्तिम तयारी भइरहको उहाँको भनाइ छ । सो सामग्री प्राप्त भइसकेपछि विपद् व्यवस्थापनका काममा सहजता हुने मन्त्री श्रेष्ठले बताउनुभयो ।

'विपद् न्यूनीकरण तथा उद्दारका लागि प्रदेशमा प्रदेश विपद् परिषद, प्रदेश विपद् कार्यकारी समिति रहेको छ । सो संरचनाको संयुक्त छलफल र बहसबाट विपद् नीतिहरु तर्जुमा गर्ने तथा १३ जिल्लामा रहेका जिल्ला विपद् समिति, स्थानीय तह विपद् समितिसँग समन्वय गरेर काम गर्ने तयारी रहेको छ ।' उहाँले भन्नुभयो- 'विभिन्न पालिकाहरुमा विपद् स्वयमसेवक तयार गर्ने र परिचालनको तयारी गरिएको छ । सम्बन्धित जिल्लाको प्रशासन कार्यालयबाट विपद् प्रभावत नागरिकलाई राहत वितरणका लागि राहत विरतरण कार्यविधि स्वीकृत गरिएको छ ।' आवश्यकताको आधारमा विपद् व्यवस्थापन समितिको बैठक बसेर निर्णय गरिने उहाँले बताउनुभयो । प्रदेशको भूगोलको आधारमा सबै नीतिमा विपद् नीति कार्यान्वयनको चरणमा सरकार अग्रसर रहेको उहाँको भनाइ छ ।

### विपद् व्यवस्थापन कोषमा १४ करोड रुपैयाँ

बागमती प्रदेश सरकारको विपद् कोषमा १४ करोड ५४ लाख रुपैयाँ मौज्दात रहेको छ भने यसअघि जिल्ला जिल्लामा नै १० लाख रुपैयाँका दरले विपद् व्यवस्थापन तथा प्रतिकार्यका लागि रकम पठाइएको छ ।

विपद् व्यवस्थापन तथा प्रतिकार्य कार्यमा भएको खर्चका आधारमा जिल्लाहरुलाई थप रकम पठाइएको सूचना अधिकारी कार्कीले बताउनुभयो । विपद् व्यवस्थापन कार्यमा भएको खर्चअनुसार रकम अपुग भएको खण्डमा जिल्लाबाट माग हुने र सोहीअनुसार मन्त्रालयले बजेट पठाउने गरेको उहाँको भनाइ छ । सूचना अधिकारी कार्कीका अनुसार जिल्लाबाट माग भएअनुसार चालु आर्थिक वर्षमा नियमित पठाइएको १० लाख रुपैयाँबाहेक सिन्धुली र रामेछापबाट रकम माग भएकाले थप २०/२० लाख रुपैयाँ उपलब्ध गराइएको छ ।

### हेटौंडा सिमेन्ट उद्योग चलाउन

# राजनीतिक एकता जरुरी छः बर्तौला



*हेटौंडा सिमेन्ट उद्योगमा उद्योग सञ्चालनको विषयमा आफ्ना धारणा राख्नुहुँदै प्रतिनिधि सभा सदस्य महेश कुमार बर्तौला ।*

समाज संवाददाता

हेटौंडा: संघीय संसदमा नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले राजनीतिक दलहरु एकतावद्ध भएर हेटौंडा सिमेन्ट उद्योग संचालन गर्नुपर्ने बताउनु भएको छ । जिल्लाका सबै राजनीतिक दलका नेतृत्वले उद्योग सञ्चालनका लागि एक भएर प्रयास गर्नुपर्ने उहाँको भनाइ छ । उहाँले उद्योग तथा उत्पादन क्षेत्रमा राजनीति गर्न नहुने पनि स्पष्ट पार्नुभएको छ ।

बिहिबार हेटौंडा सिमेन्ट उद्योगका नवनियुक्त अध्यक्ष नरेन्द्र भण्डारीको निमन्त्रणामा उद्योग परिसर पुगेर प्रमुख सचेतक बर्तौलाले हेटौंडा सिमेन्ट उद्योग संचालनका लागि राज्यले अभिभावकत्व लिएर काम गर्नुपर्ने बताउनुभयो । उहाँले तत्कालका लागि उद्योग संचालन गर्न केही रकम राज्यका तर्फबाट लगानी गर्नुपर्ने बताउनुभएको छ ।

'राजनीतिक दलहरु हेटौंडा सिमेन्ट उद्योग संचालनको मुद्दामा एकतावद्ध हुनुपर्छ । उत्पादन र उद्योग संचालनमा राजनीति गर्न हुन्न । उद्योग संचालनका लागि सबैको साझा प्रयत्न जरुरी छ । उपलब्धी हुनेगरी उद्योगको विकास र संरक्षणमा काम गर्नुपर्छ ।' उहाँले भन्नुभयो । बर्तौलाले हेटौंडा सिमेन्ट उद्योग संचालनका लागि पहल गर्ने पनि बताउनुभयो । उद्योगमा थप आर्थिक लगानी गर्नुपर्ने परिस्थिति रहेकाले सरकारले त्यसतर्फ ध्यान दिन जरुरी रहेको र उद्योगलाई निरन्तरता संचालन हुने वातावरण निर्माण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उद्योगको दीर्घकालीन संचालनका लागि नयाँ मोडलमा अघि बढ्नु पर्ने उहाँको धारणा थियो । उद्योग संचालनको मोडल तयार पार्नेगरी प्रयत्न भइरहेको र उद्योगमा नयाँ प्रविधि जडान गरी संचालनका लागि लगानीसहितको प्रस्ताव अर्थ मन्त्रालयमा स्वीकृतिको चरणमा रहेको उहाँले बताउनुभयो । अर्थ मन्त्रालयसँग १ अर्ब १२ करोड रुपैयाँ माग गरी दीर्घकालीन सोँचसहित योजना बनाइएको उहाँले जानकारी दिनुभयो ।

'३८ वर्ष पुरानो सिमेन्ट उद्योगको टेक्नोलोजीले उद्योग संचालन हुन सक्दैन । प्रविधि परिवर्तन गरेर निजी उद्योगसँग प्रतिस्पर्धा गर्नसक्ने अवस्था बनाउनु पर्छ । पहिलो चरणमा ५०/६० करोड रुपैयाँ लगानी गरेर उद्योग निरन्तर चल्ने र कर्मचारी तथा अवकास प्राप्त कर्मचारीको रकम भुक्तानी गर्नुपर्छ । अहिले अनिवार्य दायित्व मात्र पूरा गर्न सकेको खण्डमा ५/७ महिना उद्योग राम्रोसँग संचालन हुन सक्छ । त्यसका लागि संघीय सरकारसँग स्रोत व्यवस्थापन गर्ने प्रक्रिया चलिरहेको छ ।' उहाँले भन्नुभयो ।

सरकारले उद्योग संचालनको विकल्पका विषयमा छलफल गर्नुपर्ने उहाँको भनाई छ । बर्तौलाले सरकारले पहिलो प्राथमिकतामा २ अर्ब रुपैयाँ ऋणको व्यवस्था गरेर उद्योग संचालनको वातावरण बनाउनुपर्ने अथवा सार्वजनिक नीजि साझेदारी (पीपीपी) मोडलमा उद्योग संचालन गर्नुपर्ने बताउनुभयो । उद्योगका महाप्रबन्धक बसन्तकुमार पाण्डेले उद्योग सञ्चालनका लागि संघीय संसदमा एमाले प्रमुख सचेतक महेश कुमार बर्तौलाको पहलकदमी महत्वपूर्ण रहेको बताउनुहुँदै आगामी दिनमा पनि उहाँको साथ र सहयोगको अपेक्षा गरिएको बताउनुभयो । नवनियुक्त अध्यक्ष नरेन्द्र भण्डारीले उद्योगलाई व्यवस्थितरुपमा सञ्चालन गर्न आफूले आवश्यक समन्वय र सहकार्य गर्ने स्पष्ट पार्नुभएको छ ।

# पालिकामै राष्ट्रिय परिचयपत्र वितरण गर्न सुरु



*राक्सिराङ गाउँपालिकामा राष्ट्रिय परिचयपत्र बनाउन फोटो खिचाउँदै ।*

समाज संवाददाता

हेटौंडा: जिल्ला प्रशासन कार्यालय मकवानपुरले पालिकामै पुगेर राष्ट्रिय परिचयपत्र वितरण गर्न सुरु गरेको छ । पालिकासँगको सहकार्यमा मकवानपुरका ९ वटा पालिकामै पुगेर राष्ट्रिय परिचयपत्र वितरण शिविर सञ्चालन गर्ने क्रममा बुधबारदेखि राक्सिराङ गाउँपालिकामा र बिहिबारदेखि बागमती गाउँपालिकामा राष्ट्रिय परिचयपत्र वितरण गर्न सुरु गरिएको हो ।

आगामी आर्थिक बर्षदेखि संघीय सरकारले सामाजिक सुरक्षाभत्ता प्राप्त गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गरेसँगै ज्येष्ठ नागरिकहरुको सहजताका लागि शिविर नै सञ्चालन गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ । राक्सिराङ गाउँपालिकामा पहिलो दिन बुधबार ६५ जना र दोस्रो दिन ९२ जनाले राष्ट्रिय परिचयपत्र प्राप्त गरेको जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत सरोज पौडेलले जानकारी दिनुभएको छ । यस्तै बिहिबार देखि बागमती गाउँपालिकामा पनि राष्ट्रिय परिचयपत्र वितरण गर्ने कार्य सुरु भएको छ । पहिलो दिन बागमती गाउँपालिकामा १ सय २५ जनाले राष्ट्रिय परिचयपत्र प्राप्त गरेका छन् । जिल्ला प्रशासन कार्यालयले राष्ट्रिय परिचयपत्र वितरणका लागि २ जना कर्मचारीलाई राक्सिराङ खटाएको छ भने बागमती गाउँपालिकामा ३ जना कर्मचारीलाई खटाएको छ ।

ज्येष्ठ नागरिकहरु जिल्ला सदरमुकामसम्म आउन, जान समस्या हुने देखिएकोले शिविर नै सञ्चालन गरेको प्रशासनले जनाएको छ । प्रशासनले दुई टोली बनाएर जिल्लाका १० पालिकामध्ये ९ पालिकामा पालिकाको केन्द्रमै पुगेर राष्ट्रिय परिचयपत्र वितरण गर्ने व्यवस्था गरेको छ भने हेटौंडा उपमहानगरपालिकाको हकमा जिल्ला प्रशासन कार्यालयबाटै सेवा प्रवाह गरिने बताइएको छ । एउटा टोलीले राक्सिराङ गाउँपालिकामा जेठ ३० गतेदेखि असार १ गतेसम्म शिविर सञ्चालन गर्नेछ । सोही टोलीले असार ३ गतेदेखि ६ गतेसम्म कैलाश गाउँपालिकामा, असार ८ गतेदेखि १३ गतेसम्म थाहा नगरपालिकामा र असार १५ गतेदेखि १८ गतेसम्म ईन्द्रसरोवर गाउँपालिकामा शिविर सञ्चालन गर्नेछ ।

दोस्रो टोलीले बागमती गाउँपालिकामा बिहिबार गतेदेखि असार २ गतेसम्म, बकैया गाउँपालिकामा असार ४ गतेदेखि ७ गतेसम्म, मकवानपुरगढी गाउँपालिकामा असार ९ गतेदेखि १२ गतेसम्म, भीमफेदी गाउँपालिकामा असार १४ गतेदेखि १७ गतेसम्म र मनहरी गाउँपालिकामा असार १९ गतेदेखि २२ गतेसम्म राष्ट्रिय परिचयपत्र वितरण शिविर सञ्चालन गर्नेछ । शिविरमा सामाजिक सुरक्षा भत्ताका लाभग्राहीले मात्रै सेवा प्राप्त गर्न सक्ने बताइएको छ ।

# सम्पादकीय

## गौरवका आयोजना नै अलपत्र

संघीय सरकारले आर्थिक वर्ष २०६८/६९ देखि ठूला र महत्वपूर्ण आयोजनालाई राष्ट्रिय गौरवका आयोजना घोषणा गर्न थालेको हो । सुरुको वर्ष १७ वटा आयोजनाहरुलाई राष्ट्रिय गौरवको सूचीमा समावेश गरिएको थियो । त्यसपछि अन्य आयोजना थप गर्दै हाल संघीय सरकारअन्तर्गत्का गौरवका योजना दुई दर्जनभन्दा बढी छन् । देशको अर्थतन्त्रको जीवनरेखाका रुपमा रहेका र मुलुकको आर्थिक–सामाजिक रुपान्तरणमा महत्वपूर्ण योगदान गर्नसक्ने, रणनीतिक महत्वका ठूला पूर्वाधारजन्य आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजना घोषणा गरिएको छ । संघीय सरकारजस्तै प्रदेश र स्थानीय सरकारले पनि विभिन्न आयोजनालाई गौरवका आयोजना घोषणा गर्ने क्रम चलिरहेको छ । स्रोत विनियोजनमा प्राथमिकता तथा सुनिश्चितता र कार्यान्वयनमा सहजता प्रदान गर्ने गरी घोषणा गरिएका अधिकांश गौरवका आयोजनाहरु नै अलपत्र अवस्थामा पुगेका छन् ।

बागमती प्रदेश सरकारले सुरुवातदेखि घोषणा गरेका गौरवका आयोजनाहरु पनि अधिकांश अलपत्र अवस्थामा छन् । राजनीतिक स्वार्थ र सत्ता राजनीतिको चपेटाका कारण बागमती प्रदेशका कतिपय गौरवका आयोजनाहरु कार्यान्वयनमा आउन सकेका छैनन् भने कतिपय विवादित बनिरहेका छन् । प्रदेश सरकार स्थापनादेखि नै भीमफेदी–कुलेखानी सुरुङमार्ग, स्वास्थ्य विज्ञान प्रतिष्ठान, विद्युतीय सवारी सञ्चालन, प्रदेश विश्वविद्यालय र पुष्पलाल प्रदेश चक्रपथलगायतलाई गौरवको आयोजनाको रुपमा अघि बढाइएको थियो । ७ वर्षको अवधिमा प्रदेशमा फरक–फरक राजनीतिक दलको समीकरणमा ४ वटा सरकार बनेको र ती सरकारहरुले सत्ता प्राप्ति र मन्त्रालय भागबण्डा तथा पावर सेयरिङमा केन्द्रित हुँदा ध्यान दिँदा गौरवका तथा अन्य विकासका आयोजनाहरु ओझेलमा परेका हुन् । राजनीतिक दाउपेचका कारण एउटा पार्टीको सरकारले अघि बढाएको गौरवका आयोजना अर्को पार्टीको सरकारले खारेज गर्ने वा बेवास्ता गर्ने परम्पराले गौरवका आयोजना अन्यौलमा परेका हुन् ।

बागमती प्रदेश सरकारले अघि सारेको गौरवका आयोजनामध्ये भीमफेदी–कुलेखानी सुरुङमार्ग निर्माणका लागि १ करोड रुपैयाँ खर्च गरेर तयार गरेको डीपीआर दराजमा थन्किएको छ भने सुरुङमार्ग निर्माण योजना नीति, कार्यक्रम र बजेटबाट हटिसकेको छ । प्रदेश सरकारको गौरवको आयोजनाको रुपमा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान बारम्बार विवादित बनिरहेको छ । हेटौंडा अस्पतालको स्वामित्वलगायत विभिन्न प्रकारका विवाद भइरहँदा प्रतिष्ठानको काम प्रभावकारी बन्न सकेको छैन । प्रदेशको गौरवको आयोजनाको रुपमा रहेको प्रदेश सार्वजनिक विश्वविद्यालय स्थापना बामे सर्दै गरेको अवस्थामा छ । राजनीतिक सहमति जुट्न नसक्दा लामो समय विश्वविद्यालय स्थापनाको काम सुरु हुन सकेन । २०७८ मा ऐन जारी गरी प्रदेश विश्वविद्यालय स्थापनाको मार्गप्रशस्त गरिएको भए पनि हालसम्म विश्वविद्यालयको नामाकरण गर्ने, कार्यालयको बोर्ड झुण्ड्याउने र बोर्ड अफ ट्रस्टी नियुक्तिको काममात्र भएको छ । अर्को गौरवको आयोजनाको रुपमा रहेको पुष्पलाल प्रदेश चक्रपथको गुरुयोजनाको मस्यौदा बनाउनेबाहेक केही भएको छैन ।

संघीय सरकारअन्तर्गतको राष्ट्रिय गौरवका आयोजनाले भोगेका समस्या र प्रदेश सरकारअन्तर्गतका प्रदेश गौरवका आयोजनाले भोगेका समस्या सबै समान छैनन् । जग्गा अधिग्रहण, वन क्षेत्र, स्रोत व्यवस्थापन, मोडालिटी, ठेक्का व्यवस्थापन, निर्माण सामग्री, जनशक्ति, समन्वय, कोभिड–१९ महामारीलगायत समस्या राष्ट्रिय गौरवका आयोजनाले भोगेका छन् । प्रदेश गौरवका आयोजनाले पनि यस्ता धेरै समस्यासँगै राजनीतिक स्वार्थ र दाउपेच बढी भोगेको पाइन्छ । आयोजना कार्यान्वयनमा आउने सबै खालका समस्या र जटिलतालाई सहजीकरण गर्दै समयमा आयोजना सम्पन्न गर्नकै लागि गौरवका आयोजना घोषणा भएका हुन् । सत्ता राजनीतिको दाउपेचका कारण गौरवका आयोजना नै अलपत्र बनाइँदा समयमै आयोजना सम्पन्न नहुने र लागत बढ्नुका साथै समृद्ध देश/प्रदेश निर्माणमा विलम्ब भइरहेको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा–८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : दौडधूपमा समय व्यतित हुने योग छ ।
**वृष** : प्रतिष्ठित काम गर्ने मौका मिल्ने समय छ ।
**मिथुन** : रोकिएको धन हात पर्ने समय योग छ ।
**कर्कट** : प्रशासनिक कामहरुको समस्या क्रमशः हल होला ।
**सिंह** : मर्मत संहारका लागि योजना बनाइने समय छ ।
**कन्या** : दार्शनिक गतिविधिका काममा सरिक भइएला ।
**तुला** : कर्मप्रति निष्ठा राखी अघि बढ्दा राम्रो ।
**वृश्चिक** : सामाजिक कामबाट लाभ प्राप्ति हुनेछ
**धनु** : धार्मिक एवम् सामाजिक काममा मन जाला ।
**मकर** : अध्ययन–अध्यापनका कामहरु ठिकै रहलान् ।
**कुम्भ** : प्रतिस्पर्धाका काममा विजय प्राप्त हुनेछ ।
**मीन** : धार्मिक यात्रा योगमा सरिक भइने छ ।

# नरेन्द्र मोदिका चुनौती र समस्या..



बिशभ अधिकारी

भारतमा भर्खर सम्पन्न लोकसभा निर्वाचनमा भारतीय जनता पार्टी (भाजपा) का नरेन्द्र मोदी लगातार तेस्रोचोटी निर्वाचित प्रधानमन्त्री भएका छन् । "अबकि बार ४०० पार" भन्ने नारा सार्थक हुन सकेन । भारतिय मिडियाले प्रक्षेपण गरेका एक्जिट पोल पूर्णतःअसफल देखियो । भाजपाले एकल सरकार बनाउन पुग्ने बहुमत ल्याउन सकेन । नरेन्द्र मोदीले अब नेसनल डेमोक्रेटिक अलायन्स (एनडिए) सरकारको नेतृत्व गर्दै नयाँ सरकार निर्माण गरेका छन । अबको सरकार मोदिको लागी त्यति सहज छैन । २०१९ मा भएको निर्वाचनमा ३७.३६% भोट पाएर ३०३ सिट एकल जितेको भाजपा यसपाली २४० सिटमा खुम्चियो । एकल बहुमत नहुँदा सहयोगी दलको सहारामा बन्ने सरकार साझा भावना र कार्यक्रममा हिडनु पर्ने बाध्यता रहि रहन्छ । तसर्थ एनडियको बर्तमान सरकारको सामु चुनौतिको पहाड छ । गठबन्धनमा बिहारका नितिश कुमारको जनता दल (युनाइटेड) र आन्ध्र प्रदेशका चन्द्रबाबु नायडूको तेलगू देशम पार्टी समावेश छ ।

मोदिलाई आफ्नो गठबन्धन रिझाएर सत्ता यात्रा गर्न त्यति सजह होला त. ? आफ्ना घोषणापत्रका थुप्रै कार्यक्रम अब कसरी अघि बढला सबैको कौतुलता यसैमा छ । नयाँ मन्त्रीपरिषदले निरन्तरता र सतर्कताको निति अबलम्बन गरेको छ । राजनिती परिस्थिति स्थिर छ र त्यसमा आफ्नो नियन्त्रण छ भन्ने देखाउन मोदीले आफ्ना धेरै पुराना साथिहरु र अनुभवी सहयोगीहरुलाई राखेका छन् । आफ्नो पार्टीभित्र कुनै किसिमको बिवाद वा जोखिम उठाउन चाहँदैनन् मोदि । उनी नयाँ सहयोगीहरुसँग नयाँ राजनितीक परिस्थितिलाई स्थिरता र भरोसायोग्य बनाउन खोजिरहेका छन । टीडीपी (१६ सांसद) र जनता दल युनाइटेड (१२) प्रमुख खेलाडी बर्तमान सरकारमा निर्णायकरुपमा उभिएका छन् । यिनलाई बिश्वासमा लिएर हिडनुपर्ने छ । यद्यपी यि दुवैसँग संयुक्त मोर्चा सरकार र तात्कालिन वाजपेयी नेतृत्वको एनडीए सरकारमा शासन गरेको लामो अनुभव छ ।

प्रधानमन्त्री मोदी गठबन्धनलाई साथ लिएर सहयोगि दलबाट आफ्ना कार्यक्रम अनुमोदन गराउन कठिन नै देखिन्छ ।

सहयोगीहरूले अग्निपथ योजनाको समीक्षाको लागि जोड दिईरहेका छन्, जुन उत्तरी राज्यहरूमा भावनात्मक चुनावी मुद्दाको रूपमा देखा परेको थियो । त्यस्तै गठबन्धन दलको कारण समान नागरिक संहिता (UCC) खारेज हुने सम्भावना छ । अब 'एक राष्ट्र, एक निर्वाचन' कार्यान्वयन गर्न गाह्रो हुनसक्छ । त्यस्तै राष्ट्रिय जातीय जनगणनाको लागि नितिश कुमारको मागलाई बीजेपीले कस्तो व्यवहार गर्छ त्यो पनि हेर्न बाँकी छ । हिन्दू–मुस्लिम बयानबाजी पनि कम्तिमा केही समयको लागि पछाडी पर्न सक्छ । त्मए ले पहिले नै स्पष्ट गरिसकेको छ कि आन्ध्र प्रदेश (ओबीसी कोटा अन्तर्गत) मा मुस्लिमहरूको लागि ४% आरक्षण छोड्ने कुनै मनसाय छैन ।

चुनावी अभियानका क्रममा भाजपाले मुस्लिमहरुलाई धार्मिक आधारमा आरक्षण दिने विषयमा कडा हमला गरेको थियो । यि बिषयको संयोजन व्यवस्थापम हेर्न बाकी छ भने अर्को तर्फ भारतिय लोकसभा हिजो जस्तो प्रतिपक्ष कमजोर रहेको अवस्था होईन । भारतीय राष्ट्रिय कंग्रेस नेतृत्वको 'इन्डिया' गठबन्धन बलियो प्रतिपक्षका रूपमा उदाएको छ ।

एनडिए गठबन्धन अंहकारपूर्ण धङधडीबाट अलिकती तल झर्नु र इन्डिया गठबन्धनको प्रभावशाली उदयलाई भारतिय राजनितिमा अर्थपुर्णरुपमा हेरिएको छ । कांग्रेसले गठबन्धन गर्दा ठूलो उदारता देखायो । धेरै ठाउँमा सहयोगि दललाई छोडिदिएको छ । ईन्डिया गठबन्धन २३३ सिट जित्दा कंग्रेसले ९९ जीत हासिल गर्यो । नरेन्द्रमोदीको लोकप्रियताबाट तर्सेका बिरोधिहरुले मोदीलाई लोकतन्त्रमाथि बलियो बिश्वास नभएको आरोप लगाए । यिन्मा ठूलो दम्भ बढ्यो म नै राज्य हु भन्न थाल्यो भन्ने सम्मको आरोप सुनिन थाल्यो भने अर्को तर्फ "मोदी है तो सब मुमकिन है" भन्ने नयाँ भाष्य निर्माण गरेर भाजपाका एकथरि धार्मिक कट्टरतावादले मोदिको देवत्वकरण गर्यो।यो गएको पाँचबर्षमा देखिएको परिघटना हो । मोदीले दैविक कारणले आफू पृथ्बिमा अवतरित भएको भन्न सम्म भ्याए । आफ्नो जन्म जैबिक नभएर ईश्वरीय शक्तीको रुपमा आएको व्याख्या गरे यिनको अंहकार चरम सिमामा पुग्यो भनेर यि बिषयलाई ठुलो चर्चामा ल्याईयो ।

यिन्लाई सर्वसत्तावादीको आरोप लगाईयो, मुस्लिम भोट र हिन्दु भित्रको दलित अन्य साना जातलाई आरक्षण खारेज गर्देछ भन्ने जबर्जरस्त प्रचार गरियो । जनसंख्या नियन्त्रण सम्बन्धी कडा कानूनी मुद्दा भजाईयो फलतः भाजपाको अपेक्षाकृत नतिजा आउन सकेन । अयोध्यामा राममन्दिर निमार्णपछि हिन्दुत्वको लहर देखिएको थियो तर बिडम्बना अयोध्या फैजावाद निर्वाचन क्षेत्रमा पर्छ त्यस क्षेत्रमा भाजपाको उम्मेदवार पराजित भयो । राममन्दिरले पनि साथ दिएन यसपाली । यसै पृष्ठभुमिमा कंग्रेसले संविधान र लोकतन्त्र रक्षाको नारालाई उठायो । राहूल गान्धि "भारत जोडो" यात्रामा निस्किए कश्मिरदेखि कन्याकुमारीसम्म । यात्राको दौरानमा उन्ले पटक पटक भन्ने गर्थे यो यात्रा भारतको टुटेको सामाजिक सम्बन्धलाई जोडने र सहिष्णुतापुर्ण राजनितीलाई पूर्नजिबन दिने उद्देश्य गरिएको हो भन्थे ।

एकातिर मोदीलाई सर्वसत्तावादी लोकतन्त्रको बिरोधि भन्ने अर्कोतिर यात्राको सन्द्रर्भमा भारतिय सामाजिक सम्बन्धको आधारशिला खोज्न हिडेको भन्थे । यिनको दौडाह सफल साबित भयो अघिल्लो लोकसभामा ५२ सिट हासिल कांग्रेसले यो पटक एक्लैले ९९ सिट प्राप्त गर्यो । कांग्रेसको मेहनत त देखियो नै । यिन्ले ईन्डिया गठबन्धनलाई २३३ सिटमा पुर्‍याए । भाजपाको तुफानी दौडलाई बहुमतमा आउन रोकेर गठबन्धनमा झारिदिए । भारतिय लोकसभाको दृश्य बदलिएको छ । भाजपा ठुलो पार्टीको रुपमा एक्लैले २४० सिट प्राप्त गरेर भारतीय राजनितीमा अग्रणी दल भएको छ । कुनै बेला लोकसभा जम्मा २ सिट जितेको पार्टी आज लामो शंधर्ष कुशल संगठन हिन्दूत्वको नारा बिकासको अभियान सबका साथ सबका बिकास सहित आज यो मुकाम आईपुगेको छ । उसले बर्तमान निर्वाचनबाट आत्मसमिक्षा गर्दै ठुलो पाठ सिक्न जरुरी छ । सनातन धर्मावलम्बीहरुको लागि भाजपा आदर्श राजनीतीक दल हो । यो कमजोर हुदा देशको मौलिकता हराएर जान्छ..अस्तू

# सोलार पावरमा चीनको छलाङ



नरसागर श्रेष्ठ



इन्धनसम्बन्धी काम गर्ने गैरसरकारी संस्था एम्बरका अनुसार सौर्य ऊर्जाबाट विश्वमा सबैभन्दा बढी विद्युत उत्पादन गर्ने देशमा चीन पर्छ र उसको उत्पादन अमेरिकाको भन्दा दोब्बर र भारतको भन्दा झन्डै पाँच दोब्बरले बढी छ । विश्वको कारखाना भनी चिनिने चीनले हालका वर्षहरूमा आएर गुणस्तरीय आर्थिक विकासमा जोड दिन थालेको पाइन्छ । हाल यसका उदीयमान उद्योगहरूमा फाइभ–जी, कृत्रिम बौद्धिकता (एआई), ब्याट्री प्रविधि, ड्रोन र विद्युतीय सवारी साधन पर्छन् र यसमा सोलार प्यानलको उद्योग थपिएको छ । अहिले विश्वमा सबैभन्दा बढी सोलार प्यानल चीनमा उत्पादन हुन्छ र विश्वको सोलार प्यानलको बजारमा आफ्नो आधिपत्य जमाउन चीन सफल भएको देखिन्छ ।

लामो समयको प्रयासपछि चीनले सोलार प्यानल उत्पादनमा शास्त्रीय अर्थशास्त्री रिकार्डोको तुलनात्मक लाभ हासिल गर्न सफल भएको पाइन्छ । विगतमा चीनले लुगाफाटा, फर्निचर र इलेक्ट्रोनिक्स सामान निर्यात गरिरहेकोमा अहिले आएर यसलाई सोलार प्यानल र विद्युतीय सवारी साधनले प्रतिस्थापन गर्ने सोचका साथ अगाडि बढेको पाइन्छ । तुलनात्मक लाभका रूपमा चीनमा अमेरिका र युरोपियन युनियनका देशहरूमा भन्दा श्रमिकको ज्यालादर कम रहेको देखिन्छ । विद्युतीय सवारी साधनमा मात्र होइन, सोलार प्यानल उत्पादनमा समेत त्यहाँको श्रमिकको ज्यालादरले तुलनात्मक लाभ प्राप्त भएको देखिन्छ । चीनले विगतमा प्राविधिक शिक्षा तथा अनुसन्धान र विकासमा दिएको जोडका कारणले पनि अहिले यो अवस्थासम्म आइपुग्न सफल भएको हो ।

एकातिर चीनले पूर्ण रूपमा एसेम्बल गरेका सोलार प्यानल निर्यात गरिरहेको छ भने अर्कातिर सोलार प्यानल निर्माणका लागि आवश्यक अवयव पनि निकासी गरिरहेको छ। गत मार्चमा भएको चिनियाँ जनकांग्रेसको सभामा चीनका प्रधानमन्त्रीले समेत सोलार प्यानल निर्माणका लागि प्रशस्त मात्रामा जग्गा उपलब्ध हुने कुरामा जोड दिई यो उद्योगमा लागेका उद्योगपतिहरूलाई आश्वस्त गरेका छन् । लागतका हिसाबले चिनियाँ कम्पनीका लागि एक वाटको सोलार प्यानल बनाउन लगभग १६ देखि १९ सेन्ट खर्च लाग्ने गर्ने गरेको छ भने अमेरिकामा २८ सेन्ट र युरोपियन युनियनका देशहरूमा २४ देखि ३० सेन्टसम्म लाग्ने गरेको छ ।

यसरी सस्तोमा उत्पादन गर्न सक्नुमा चिनियाँ मजदुरको सस्तो ज्यालाका अतिरिक्त चिनियाँ नगर निगमहरूले यस्ता उद्योगलाई बजार मूल्यभन्दा सस्तोमा जग्गा उपलब्ध गराउनु तथा सरकारी स्वामित्वमा रहेका बैंकले यस्ता उद्योगलाई सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउनु रहेका छन् । चीनमा विद्युत महसुल सस्तो भएका कारण पनि चिनियाँ सोलार प्यानलको मूल्य अरू देशको भन्दा कम भएको हो । सोलार प्यानल बनाउन आवश्यक कच्चा पदार्थ पोलिसिलिकनको अधिकांश भाग र यसका अवयवको रूपमा वेफर्स चीनमा उत्पादन हुने गरेको छ । यो उद्योगका लागि चीनको भौगोलिक अवस्था पनि सुहाउँदो छ, किनभने चीनले यस्ता सोलार प्यानल यसको पश्चिमी भागमा रहेको मरुभूमिमा जडान गरेको छ । यसका साथै चीनले उद्योग विस्तार गर्दा प्राप्त हुने स्तरगत मितव्ययिता प्राप्त गर्न पनि सफल भएको छ । यी कारणले गर्दा चिनियाँ कम्पनीले आफ्नो उत्पादन लागत ९५ प्रतिशतले घटाउन सफल भएका छन् ।

विश्वमा जलवायु परिवर्तनका कारण हरित इन्धनमा लगानी बढाउने सरकारको प्रतिबद्धताअनुसार सन् २०१८ को तुलनामा अहिले आएर सोलार प्यानल बनाउने उद्योगको संख्या पाँच गुणाले बढेको छ । चीनले एक दशकअगाडि नै सोलार प्यानल बनाउने उद्योगको विकास गरिसकेको थियो र अमेरिकामा सन् २०१० पछि सोलार प्यानलको मागमा हरेक वर्ष वृद्धि हुँदै गएको मागलाई सम्बोधन गर्न पनि चीनले आफ्नो सोलार प्यानल उद्योग विस्तार गरेको पाइन्छ । सोलार प्यानल बनाउने अमेरिकी उद्योगसमेत चीनमा निर्मित सोलार प्यानलका अवयवहरूमा अत्यधिक निर्भर रहने गरेको थियो । सन् २०११ देखि अहिलेसम्म चीनले यो क्षेत्रमा ५० अर्ब अमेरिकी डलरभन्दा बढी खर्च गरिसकेको छ ।

अन्तर्राष्ट्रिय इन्धन एजेन्सीका अनुसार चीनको सोलार प्यानल उद्योगले विश्वमा स्थापित कुल सोलार प्यानल उद्योगको ८० प्रतिशत हिस्सा ओगट्छ । गत वर्ष अमेरिकाले आफ्नो इतिहासमै उत्पादन गर्न नसकेको मात्रामा सोलार प्यानलको मात्रा चीनले उत्पादन गरिसकेको छ । युरोप र अमेरिकाका सोलार प्यानल निर्माण गर्ने उद्योगहरू धमाधम बन्द हुँदै गइरहेको छ र यसको कारणका रूपमा चीनसँग प्रतिस्पर्धा मानिएको छ । अमेरिका र युरोपका सोलार प्यानल उद्योग मात्र होइन, विकासोन्मुख देशका सोलार प्यानल उद्योगलाई पनि चिनियाँ कम्पनीसँग प्रतिस्पर्धा गर्न धौधौ परेको छ ।

अमेरिका र युरोपियन युनियनका सदस्य देशहरू चीनमाथिको यो निर्भरता कम गर्न विभिन्न उपाय अपनाउन थालेको पाइन्छ । अमेरिकाका सोलार प्यानल उद्योगले चीनमाथिको पोलिसिलिकनको निर्भरता हटाउनका लागि क्याडिमियम तेलुराइड नामक पातलो फिल्म प्रयोग गर्न थालेको पाइन्छ र ठूला–ठूला भवनहरूमा उपयोग हुने टम्पर्ड सिसा पनि उपयोग गर्न थालेको पाइन्छ । अर्कातिर अमेरिकाको संसद्ले मुद्रास्फीति नियन्त्रण ऐन, २०२१ पारित गरी यस्ता उद्योगलाई सरकारले नै अनुदान दिन थालेको पाइन्छ । युरोपियन युनियनका देशले अझै पनि अनुदान दिने कार्य गरेको पाइँदैन । यो उद्योग पनि चीन र अमेरिकाबीच

....बाँकी पृष्ठ ३ मा

# "५ हजार रक्तदाताको सूचि बनाउने तयारी छ"

आज जुन १४ अर्थात् विश्व रक्तदाता दिवस । रक्तदानलाई जीवनदान पनि भनिन्छ । स्वास्थ्य उपचारको क्रममा मानिसको शरीरमा रगत नै चढाउनुपर्ने अवस्था समेत रहन्छ । एकजना विरामीका लागि आवश्यक रगत अर्का स्वस्थ मानिससँग संकलन गर्नुपर्ने हुन्छ । आधुनिक चिकित्सा विज्ञानले अकल्पनीय अभ्यास गरिरहेका बेला हाम्रो जस्तो समाजमा अझै रक्तदानसम्बन्धी विविध भ्रम छन् । आज विश्व रक्तदान दिवसको अवसर पारेर नेपाल स्वयम्सेवी रक्तदाता समाज हेटौंडा उपमहानगर समितिका अध्यक्ष पूर्णप्रसाद अर्यालसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानीको सम्पादित अंश:



**पूर्णप्रसाद अर्याल, अध्यक्ष**
**नेपाल स्वयम्सेवी रक्तदाता समाज हेटौंडा**
**उपमहानगर समिति**

**समाज: तपाईं रक्तदाता स्वयम्सेवी समाज हेटौंडा उपमहानगरपालिका समितिको अध्यक्ष हुनुहुन्छ । विश्व रक्तदाता दिवसको अवसरमा के कस्ता कार्यक्रम गर्दै हुनुहुन्छ ?**

**अर्याल:** हामीले यो कार्यक्रम नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गरेर निरन्तर गर्दै आएका छौँ । १८ बर्षको उमेर पूरा भएपछि युवा र केहि रोग नलागेकाहरुसँग जति पटक पनि रगत संकलन गर्न सकिन्छ । समाजमा रक्त अभाव परेका मानिसहरुलाई जति बेला पनि उपलब्ध गराउने काम गर्दै आएका छौँ । हेटौंडा अस्पताल र मकवानपुर सहकारी अस्पतालमा पनि हाम्री सुत्केरीलाई रगत सहयोग गर्छौं । र विश्व रक्तदाता दिवसमा हामी रेडक्रससँग सहकार्यमा कार्यक्रम गर्दैछौं ।

**समाज: स्वयम्सेवी रक्तदाता समाज मकवानपुर स्थापना भएको छोटो अवधि भयो । यो बीचमा के कस्ता कार्यहरू गरियो ?**

**अर्याल:** करिब डेढ महिनाअघि बुद्धचोकमा रक्तदान कार्यक्रम गरेर हामीले रक्तदाता समाजको सुरुवात गरेका थियौं । अहिलेसम्म २० औं पटक हस्पिटललाई आवश्यक परेको समयमा रगत उपलब्ध गराएका छौं ।

**समाज: स्वयम्सेवी रक्तदाता समाजमा सदस्य संख्या कति छ ?**

**अर्याल:** १८ बर्ष उमेर पूरा भएका सबैले सदस्य बन्न पाउनुहुन्छ । हामीसँग अहिले करिव ५ सय जना सम्पर्कमा हुनुहुन्छ । हाम्रो लक्ष्य ५ हजार सदस्य बनाउने रहेको छ ।

**समाज: रक्तदाताहरुमा केही भ्रम रहेको छ ? रक्तदाताहरूलाई सुचित गराउन, अभिमुखीकरण गराउन, सचेत गराउन के गर्नुपर्ने देख्नुहुन्छ ?**

**अर्याल:** रेडक्रसले रगत पैसामा बेच्ने गरेको भन्ने भ्रम थियो । अहिले त्यो हटेको छ । हामीले नि:शुल्क संकलन तथा वितरण गरेको छौं । मकवानपुरका पालिकाहरुले आफ्ना नागरिकका लागि निशूल्क रगत उपलब्ध गराउने व्यवस्था गरेको छ ।

**समाज: मकवानपुर जिल्लामा रगतको आवश्यकताको मात्रा र संकलनको मात्रा कस्तो छ ?**

**अर्याल:** मकवानपुर जिल्लाको हेटौंडामा हामी काम गर्दा यहाँका अस्पतालमा शल्यक्रियाको समयमा बढी रगत आवश्यक पर्छ । अहिले ४ सय पोकासम्मको रगत हामी उपलब्ध गराउन सक्छौं ।

# सुनचाँदी व्यवसायीद्वारा अर्थमन्त्रीलाई ध्यानाकर्षण

समाज संवाददाता

हेटौंडा: मकवानपुर सुनचाँदी व्यवसायी संघले सुनको आयातमा गरिएको भन्सार वृद्विको निर्णय खारेज गर्न माग राख्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरमा ध्यानाकर्षणपत्र बुझाएको छ । बिहीबार सुनचाँदी व्यावसायी संघका अध्यक्ष पवनकुमार शाक्यसहितको टोलीले सुनको आयातमा गरिएको भन्सार वृद्विको निर्णय खारेज गर्न माग राख्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थबहादुर चिलुवालमार्फत् अर्थमन्त्री वर्षमान पुनलाई ध्यानाकर्षणपत्र बुझाएको हो ।

नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ को भन्सार विधेयकमार्फत् सुनको आयातमा लाग्दै आएको १५ प्रतिशतको भन्सार दरलाई २० प्रतिशत कायम हुने गरी ५ प्रतिशत बढाएकोमा आपत्ति जनाउँदै उक्त निर्णय खारेज गर्न संघले माग गरेको हो । देशभरका पेसा व्यवसायी सुनचाँदीसँग जोडिएका कारणले सबै मानिसहरुलाई आ-आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार जन्मदेखि मृत्युसम्मको अवस्थामा सुनजस्तो संवेदनशील वस्तुको आवश्यकता पर्ने भएकाले भन्सारको दरलाई वृद्धि गरेकोमा तीनवटै महासंघको गम्भिर ध्यानाकर्षण भएको जनाइएको छ ।

नेपाल सरकारले व्यवसायी संघको सरसल्लाह बिना नै भन्सार विधेकमार्फत् सुनको आयातमा लाग्ने महसुल वृद्धि गरेकाले विश्व बजारको प्रतिस्पर्धामा उत्रिन मुस्किल परेकाले सुनचाँदी व्यवसायीहरुमा ठूलो समस्या सिर्जना भएको बताइएको छ । नेपालमा २० हजार भन्दा बढी मानिसहरु प्रत्यक्षरुपमा सुनचाँदी व्यवसायमा जोडिएका कारणले दुई लाखभन्दा बढी मानिसहरुले रोजगारी पाएको संघको दावी छ । राज्यले सुनचाँदी व्यवसायको माध्यमबाट वार्षिक अरबौं रुपैयाँ राजस्व प्राप्त गरेको उल्लेख गर्दै व्यवसायीको सल्लाहबिना भन्सार महसुलको दरलाई वृद्धि गरेका कारण व्यवसाय गर्न नसक्ने अवस्था सिर्जना भएको बताइएको हो ।

कोटा प्रणालीमा आधारित रहेर सुन आयात भइरहेकाले नेपालको विद्यमान अवस्थामा राज्यले यसरी उच्चरुपमा भन्सार वृद्धि गर्दा निर्धारित कोटाअनुरुप सुनको माग तथा आयात हुन नसक्ने र फलस्वरुप राज्यले विगतमा भन्दा झनै कम भन्सार महसुल प्राप्त गर्नसक्ने जोखिम बढाएको बताइएको छ । नेपाल राष्ट्र बैंकले जारी गरेको सुन आयातसम्बन्धी निर्देशिका अनुसार हाल दैनिक २० केजीका दरले बैंकहरुमार्फत् सुन आयात गर्न पाउने व्यवस्था छ । राज्यले भन्सार मूल्यलाई मात्र आधार मानेर वर्षेनि भन्सार दर वृद्धि गर्ने गरेको प्रमुख जिल्ला अधिकारी चिलुवालमार्फत् अर्थमन्त्री पुनलाई ध्यानार्कषण गराइएको हो ।

झिटी-गुण्टाअन्तर्गत पैठारी हुने सुनको मीमा बढाइने अपेक्षा गरेकोमा आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमा छुटको सीमा ५० ग्राम र विदेश मुद्रा खुलाई भन्सार बुझाई ३ सय ग्रामसम्म ल्याउन पाउनुपर्ने माग राखिएको छ । कच्चा सुन आयातमा २० प्रतिशत भन्सार लागू गरिएकाले तयारी गहना आयातमा यो भन्दा बढी भन्सार लागू हुनुपर्नेमा सार्क राष्ट्रबाट आयात गर्दा ९ दशमलब ५ प्रतिशतमात्र कायम भएकाले अत्यधिक सुनका गहना आयात हुनसक्ने जनाएको छ ।

एकातिर राष्ट्रको लागि न्यून भन्सार शुल्कबाट बार्षिक अरबौं रुपियाँको क्षति हुनसक्ने देखिन्छ भने अर्कोतिर देशभित्र सुनचाँदी व्यवसायले प्रत्यक्ष अप्रत्यक्ष उपलब्ध गराएको लाखौंको राजगारी धरापमा पर्ने देखिन्छ जसकारण कच्चा चाँदीमा १५ प्रतिशत भन्सार लागू हुँदा तयारी चाँदीका गहना आयात गर्दा सो भन्दा कम क्रमश: ६ प्रतिशत र १० प्रतिशत (सार्क राष्ट्र भित्र वा बाहिरी राष्ट्रबाट) कायम भएकाले यसले पनि राष्ट्रको लागि भन्सार आय र स्वदेशी कालीगढको रोजगारीमा वृहत्रुपमा नकारात्मक प्रभाव पार्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ । सुनका गहना आयातमा न्यूनतम २५ प्रतिशत र चाँदीका गहना आयातमा न्यूनतम २० प्रतिशत भन्सार कायम गर्न आवश्यक रहेको संघले माग गरेको छ ।

साथै, बहुमूल्य वस्तुहरुमा बिलासी कर लगाउने व्यवस्था गरिएको ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ । भन्सार महसुल विधेयक २०८१ मार्फत् भन्सार दरमा भएको वृद्धिलाई तत्काल सुधार गरी देशभरका सुनचाँदी व्यवसायीहरु व्यवसायबाट नै प्रतिस्थापन हुनबाट रोक्न व्यवसायी संघका पदाधिकारीहरुले ध्यानकर्षणपत्रमार्फत् मन्त्रीलाई आग्रह गरेका छन् । व्यवसायी संघका पदाधिकारीहरुले ज्ञापनपत्र बुझाएसँगै प्रमुख जिल्ला अधिकारी चिलुवालले भन्सारको महसुल दर वृद्धि हुँदा पैत्रिक सम्पत्तिको दर घट्दै गएको बताउनुभयो । सुनमा मिसावट गर्ने अवस्था सिर्जना भएको उहाँले बताउनुभयो । सबै व्यावसायीहरुले तिरेको राजस्वको उच्च मूल्यांकन गरेर ज्ञापनपत्रलाई अर्थमन्त्रीसमक्ष पुऱ्याउने उहाँले विश्वास दिलाउनुभयो ।

# रीतिरिवाजका कारण बालविवाह रोक्न समस्या

समाज संवाददाता

हेटौंडा: विभिन्न पुराना रीतिरिवाजका कारण बालविवाह रोक्न समस्या भइरहेको बताइएको छ । समाजले पुराना अनुपयुक्त संस्कृतिजस्तै बालविवाह अझै छोड्न नचाहेका कारण बालविवाह रोक्न नसकिएको बताइएको हो ।

मकवानपुरको राक्सिराङ गाउँपालिकाका बासिन्दाहरुले पुरानो चलन संस्कृति छाड्न नसकेका कारण बालविवाह रोक्न समस्या भइरहेको अस्मिता नेपालकी संयोजक शान्ति कार्कीले बताउनुभयो । यस्तो चलन रोक्न कडा कानुन चाहिने उहाँले बताउनुभयो । पहिलेको समयभन्दा अहिले गाउँपालिकाका स्थानीय बासिन्दामा सचेतना बढेको उहाँको भनाइ छ । पहिले जनप्रतिनिधिहरुलाई खोजेर सम्झाउन तथा बुझाउनु गाह्रो हुन्थ्यो भने अहिले बालविवाह भएको थाहा पाउनेवित्तिकै खोजी गर्दै आउने गरेको उहाँले बताउनुभयो ।

अस्मिता नेपालले बालविवाह गरेर गएका १२ जनालाई घर फर्काएको छ । संस्थाले विभिन्न कार्यक्रमको आयोजना तथा तालिम सञ्चालन गर्दै बालविवाह न्यूनीकरणको तेस्रो चरण सम्पन्न गरेको छ । पहिलो प्राथमिकता बालविवाह न्यूनीकरणलाई राखेको संस्थाले विगत २०५५ सालदेखि महिला तथा बालबालिकाको हक अधिकारका विषयमा कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

बालविवाहलाई अन्त्य गर्न नसकेपनि न्यूनीकरण गर्न संस्थाले निरन्तर प्रयास गरिरहेको संयोजक कार्कीको भनाइ छ । अस्मिता नेपालले राक्सिराङ गाउँपालिकाको वडा नम्बर २, ३ र ५ मा बालविवाह न्यूनीकरणसम्बन्धी विभिन्न अभिमुखीकरण कार्यक्रम आयोजना गर्दै आएको छ । संस्थाले पहिलो चरणमा एक वर्ष सिकाई बसका साथै तथ्याङ्क संकलन, मूल्यांकन तथा शैक्षिक सहयोगजस्ता कार्यहरु गरेको थियो । यस्तै, दोस्रो चरणमा संस्थाले कार्यतालिकाको सुरुवात, समूह निर्माण, अन्तरक्रिया कार्यक्रमजस्ता कार्य गरेको थियो ।

संस्थाले तेस्रो चरणमा विभिन्न विषयमा मागअनुसार तालिम सञ्चालन गरिरहेको छ । कार्कीका अनुसार संस्थाले चौथो चरणको कार्यक्रमका लागि प्रस्ताव माग गरेको छ । वडा तथा पालिकालाई नै बजेट छुट्याउन लगाएर संस्थाले बालबालिकालाई शैक्षिक सामग्री हस्तान्तरण गरेको छ । संस्थाले हरेक वडामा बाल समूह बनाएर किशोरकिशोरीलाई बालविवाह न्यूनीकरणसम्बन्धी मासिकरुपमा छलफल गराउने गरेको छ । कार्कीका अनुसार समाजले बालविवाहमा माहिलाको भूमिकामात्र हुन्छ भन्ने ठानेको भए पनि यसमा पुरुषको भूमिका धेरै देखिन्छ ।

अहिले बालबालिकाहरु धेरै सचेत भए पनि बालविवाहसम्बन्धी कानुनी बहस, किस्सा थाहा नभएको उहाँको भनाइ छ । बालविवाह गर्ने तथा गराएमा हुने सजाय, कानुनी फैसला, जानकारीको विषयमा अभिभावकहरुलाई समेत सचेत पार्नु पर्ने आवश्यकता कार्कीले औंल्याउनुभयो । संस्थाले अभिभावकहरुको पनि समिति गठन गरेको छ भने एसआरएचको विषयमा बालबालिका र अभिभावकलाई शिक्षा प्रदान गरेको छ । कार्कीका अनुसार भौगोलिक विकटता र प्राकृतिक प्रकोपका कारण कार्यक्रम गर्न चुनौती भएको छ । गर्मी र वर्षाका कारण भदौ महिनासम्म कार्यक्रम स्थगित गरिएको छ ।

किशोरीहरुलाई पहिलो प्राथमिकतामा राखेर संस्थाले बालबालिकालाई विद्यालयस्तरीय अतिरिक्त क्रियाकलापमा सक्रिय बनाउने गरेको छ । कार्कीका अनुसार आगामी दिनमा संस्थाले बालबालिकालाई मोडालिटी फरक गरेर जीवनोपयोगी शिक्षा सिकाउने र बालबालिकालाई सीपमूलक तालिममा बढि जोड दिइनेछ । शिक्षालाई प्राथमिकतामा राखेर संस्थाले बालबालिबालाई सामाजको बारेमा चेतनशील बनाउने कार्कीले बताउनुभयो ।

## सोलार पावरमा...

चलेको भूराजनीतिक द्वन्द्वको सिकार बन्ने प्रबल सम्भावना बढेको छ ।

यसले गर्दा अमेरिकाका सोलार प्यानल उद्योग शास्त्रीय अर्थशास्त्रीहरूले भनेजस्तो चिनियाँ उद्योगको अगाडि शिशु उद्योग साबित हुन पुगेको छ । यसै गरी अमेरिकाले चीनको उइघुर प्रान्तका मुसलमानको मानव अधिकार हननको कुरा उठाएर यसमा गैरभन्सार महसुल अवरोध सिर्जना गरेका छन् । उइघुर क्षेत्रका श्रमिक संलग्न भएको सोलार प्यानल अमेरिकामा आयात गर्न पूर्ण रूपमा प्रतिबन्ध लगाइएको छ र अमेरिकाले यस सम्बन्धका ऐन नै पारित गरेको छ । यो कुरामा भने युरोपियन युनियनका देशले अमेरिकालाई साथ दिने सम्भावना बलियो छ । यसले गर्दा न्युयोर्क टाइम्सले भनेजस्तो भूमण्डलीकरणको छाल अमेरिकी समुद्री किनारबाटै कमजोर भएर गएको छ ।

यसले दुईवटा समस्या सिर्जना गरेको पाइन्छ । एकातिर यसले विश्वको आर्थिक वृद्धिमा नै नकारात्मक असर पर्न जान्छ भने अर्कातिर विश्वका गरिब जनताले सस्तोमा सोलार प्यानल प्रयोग गरी जीवांश इन्धनबाट मुक्त भई हरित पृथ्वीको कल्पना साकार पार्न गाह्रो पर्ने देखिन्छ । यसका लागि देशहरुको बीचमा व्यापार संवादलाई घनिभूत रुपमा चलाउनु र विश्व व्यापार संगठनलाई क्रियाशील बनाउने उपायहरू सोच्नुपर्ने हुन्छ ।


*(स्रोत: कारोबारदैनिक)*

## बुधबारे बालसाहित्य विशेषबारे




यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।


**सम्पादक ।**

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

PTE/Ielts
युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।

Laya Shrestha

Pradip Adhikari
उत्कृस्ट जापानिज भाषा को लागि IDB Hetauda Education Consultancy !!
जहाँ जापानबाट फर्कनु भएको अनुभवी शिक्षकहरुद्वारा अध्यापन गराइने

सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला
IDB Education Consultancy pvt Ltd



# यु-१९ क्रिकेटको पहिलो चरणमा २३ जना छनोट

समाज संवाददाता

हेटौंडाः वाईवाई यु-१९ क्रिकेटको छनोट प्रतियोगिताको पहिलो चरणमा २३ जना खेलाडी छनोट भएका छन् । मकवानपुर जिल्ला क्रिकेट संघले मंगलबार फेसबुक पेजमार्फत् २३ जना किशोर खेलाडीको नाम सार्वजनिक गरेको हो ।

जिल्लाबाट पहिलो चरणका लागि छनोट भएका किशोर खेलाडीहरुलाई असार मसान्तसम्म बन्द प्रशिक्षणमा राख्ने प्रतियोगिताको मुख्य छनोटकर्ता सञ्जोक पोखरेलले जानकारी दिनुभएको छ। किशोर खेलाडीहरुलाई एक सातासम्म सञ्चालन हुने बन्द प्रशिक्षणमा जिल्लाका प्रशिक्षक रामनरेश गिरी र नेपाल यु-१९ राष्ट्रिय टेक्निकल एन्लिष्ट रवि नेपालले प्रशिक्षण दिनुहुनेछ । गिरी र नेपालको नेतृत्वमा सञ्चालन हुने बन्द प्रशिक्षणमा बिहान र बेलुका दुई समयमा ३-३ घण्टा बलिङ, फिल्डिङ र ब्याटिङको प्रशिक्षण दिनुहुने पोखरेलले बताउनुभयो ।

जिल्ला क्रिकेट संघको नेतृत्वमा सञ्चालन हुने बन्द प्रशिक्षणमा सहभागी भएका २३ जना खेलाडीमध्ये दोस्रो चरणमा १८ जनाको नाम सार्वजनिक गरेर प्रदेशस्तरीय छनोट प्रतियोगिताका लागि १४ जना खेलाडीहरुलाई पठाइने उहाँले बताउनुभयो । प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुनुअघि उनीहरुलाई चितवन जिल्लाको सिनियर टिमहरुसँग पनि प्रतिस्पर्धा गराइने उहाँले बताउनुभयो ।

जिल्लाबाट छनोट हुने खेलाडीहरुले प्रदेश हुँदै राष्ट्रियस्तरको वाईवाई क्रिकेट प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन् । नेपाल क्रिकेट संघ (क्यान)ले यु-१९ को राष्ट्रिय किशोर खेलाडी उत्पादन गर्नका लागि वार्षिक क्यालेण्डरअनुसार टिम छनोट गर्ने निर्देशन दिएको छ । क्रिकेट संघले करिब २ साताअघि जिल्ला छनोट प्रतियोगिता सुरु गरेको थियो । जसमध्ये सहभागी भएका ४६ जना खेलाडीहरुलाई, रातो, पहेँलो, निलो र आकाशे समूहमा विभाजन गरेर प्रतिस्पर्धा गराइएको थियो । राउण्ड रोबिनको आधारमा प्रतियोगिता सुरु गरेर सहभागी भएकामध्ये उत्कृष्ट २३ जना खेलाडीको नाम संघले सार्वजनिक गरेको हो ।

पहिलो चरणमा छनोट हुने खेलाडीहरु गोकुल अधिकारी, अर्याल जैशवाल, शिवशक्ति महतो, श्रीजन अधिकारी, आशिक अधिकारी, आदित्य पटेल, अनुराग सिंह, अजल मानन्धर, गौरव श्रेष्ठ, रोहित ठाकुर, अमनकुमार यादव, युनिश थापा, साहेव यादव, अरविन्द यादव, प्रनित कोइराला, प्राञ्जल उपाध्याय, कुशल दुलाल, कृष्णा यादव, एमडी राजा अहमद, सन्तोष दास तत्मा, रौशनकुमार रोय, रौनक कँडेल र अवारत भट्टराई रहेका छन् । प्रतियोगितामा सहभागी हुनका लागि ४ वर्षसम्म कुनै पनि प्रतियोगितामा सहभागी नभएको हुनुपर्नेछ । प्रतियोगितामा सहभागी हुनका लागि २०६२ साल भदौ महिनाभन्दा पछि जन्मिएको हुनुपर्छ । आइसीसीको नियमअनुरुप १५ वर्षभन्दा कम उमेर समूहका खेलाडीहरु प्रतियोगितामा सहभागी हुन पाउने छैनन् ।

### थानाभन्ज्याङको विद्युत सवस्टेशन तयार

# प्रधानमन्त्री दाहालले आज उद्घाटन गर्नुहुने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर-११, थानाभन्ज्याङमा नवनिर्मित नेपाल विद्युत् प्राधिकरणको सवस्टेशनको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहालले गर्नुहुने भएको छ। सवस्टेशन उद्घाटनका लागि प्रधानमन्त्री दाहाल आज शुक्रबार हेटौंडा आउने कार्यक्रम तय भएको छ ।

हेटौंडा सवस्टेसनका आयोजना प्रमुख शुक्रराज देवकोटाका अनुसार प्रधानमन्त्री दाहालले हेटौंडा ४००/२२०/१३२/११ केभी सवस्टेसनको उद्घाटन गर्ने कार्यक्रम तय भएको छ । देशकै तेस्रो ठूलो उक्त सवस्टेशनको निर्माण सम्पन्न भएसँगै चार्जिङ गर्ने काम समेत भइसेकको उहाँले जानकारी दिनुभएको छ । सवस्टेशन निर्माणपछि पूर्वमा इनरुवादेखि पश्चिम नवलपरासीसम्मको विद्युत वितरण प्रणालीको गुणस्तरमा सुधार आउने उहाँले बताउनुभयो । सो सवस्टेशनले हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइन र हेटौंडा-भरतपुर-नवलपरासी २२० केभी प्रसारणलाइनलाई जोड्ने आयोजना प्रमुख देवकोटाको भनाई छ ।

हेटौंडा सवस्टेसनबाट इनरुवा सवस्टेसनसम्म २८८ किलोमिटर प्रसारणलाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको आयोजना प्रमुख देवकोटाले बताउनुभयो। ढल्केबर-इनरुवा १५४ किलोमिटरको प्रसारणलाइन निर्माण सम्पन्न भइसकेको छ भने हेटौंडा-भरतपुर-नवलपरासी २२० केभी प्रसारणलाइनको निर्माण कार्य पनि पूरा भइसकेको प्रमुख देवकोटाले जानकारी दिनुभयो। हेटौंडा-ढल्केबर खण्डको १३४ किलोमिटर प्रसारणलाइन भने निर्माणाधीन रहेको उहाँले बताउनुभयो । उहाँले हेटौंडा-ढल्केबर खण्ड अन्तर्गत हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर १५, १६ र १७ मा निर्माणको काम केही बाँकी रहेको जानकारी दिनुभएको छ ।

# अप्रत्यक्ष हिंसा पहिचानसम्बन्धी अभिमुखीकरण

समाज संवाददाता

हेटौंडाः पैरवी समूह मकवानपुरको आयोजनामा अप्रत्यक्ष हिंसा पहिचानसम्बन्धी अभिमुखीकरण भएको छ । हेटौंडा-१९, बस्तीपुरस्थित निर्मल माविको सभाहलमा भएको कार्यक्रममा समूहकी सदस्य प्रवित्रा विश्वकर्माले अप्रत्यक्ष हिंसा पहिचानसम्बन्धी प्रस्तुतिकरण गर्नुभएको हो ।

बिहीबार भएको कार्यक्रमको उद्देश्य समाजमा रहेको अप्रत्यक्ष हिँसा पहिचान गरी सम्भावित जोखिमबाट बच्ने उपाय थाहा पाउने, आत्महत्यालाई निरुत्साहित गर्ने, बालविवाह न्यूनीकरणमा सहयोग पुऱ्याउने थियो । सदस्य विश्वकर्माका अनुसार कार्यक्रमका सहभागीहरुले समाजमा रहेको अप्रत्यक्ष हिंसा पहिचान गर्नसक्ने, सम्भावित जोखिमबाट बच्ने उपाय थाहा पाउने, आत्महत्यालाई निरुत्साहित गर्ने बालविवाह नगर्न प्रेरित हुने र हरेक हिंसालाई प्रतिकार गर्ने अपेक्षा गरिएको छ ।

कार्यक्रममा हेटौंडा-१९ की बालमैत्री सहजकर्ता कृतिका बस्ताकोटी र इलाका प्रहरी कार्यालय नेवारपानीका रीता रानाको उपस्थिति रहेको थियो भने ७३ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा प्रहरी रानाले प्रहरी कार्यालयमा किशोरकिशोरीमैत्री गुनासो पेटिका राख्न कार्यालयलाई अनुरोध गर्ने बताउनुभयो । पैरवी समूह मकवानपुरको यो दोस्रो कार्यक्रम हो । यसअघि समूहले पदमपोखरीमा बालविवाहसम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो ।

# प्रदेशको ४ जिल्लामा ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको ४ जिल्लामा एकैदिन ४ जनाको मृत्यु भएको छ। प्रदेशको सिन्धुली, चितवन, नुवाकोट र काभ्रेपलाञ्चोक जिल्लामा एकैदिन ४ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सिन्धुली जिल्लाको कमलामाई नगर पालिका-११, थरहरीमा एक जना पुरुष मृत फेला परेको छन् । मृत फेला पर्नेमा ६२ वर्षीय गोकर्ण खपाङ्गी मगर रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार दिउँसो १ बजेर १५ मिनेटको समयमा मगर सर्पखोलाको किनारामा मृत अवस्थामा फेला परेका थिए । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-१८, नारायणी नदीमा डुबेर एक जना युवकको मृत्यु भएको छ। मृत्यु हुनेमा लम्जुङ जिल्ला घर भई हाल भरतपुर महानगरपालिका-१७, भुषालचोकमा डेरा गरी बस्ने १९ वर्षीय दीपक परियार रहेको प्रहरीले जानकारी दिएको छ। बुधबार दिउँसो २ बजेर ३० मिनेटको समयमा परियार पौडी खेल्ने क्रममा डुबेर बेहोस अवस्थामा फेला परेका थिए। परियारलाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा उपचारको क्रममा दिउँसो ३ बजेर १० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

नुवाकोट जिल्लाको पञ्चकन्या गाउँपालिका-४, लामाटोलमा भन्ज्याङबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा धाराटोल बस्ने ६० वर्षीय केदार नरसिंह तामाङ रहेको प्रहरीले जानकारी दिएको छ। बुधबार तामाङ निर्माणाधिन गुम्बा हेर्न गएकोमा गुम्बाको बाँसको भऱ्याङबाट माथि चढ्ने क्रममा भऱ्याङबाट चिप्लियर लड्दा घटनास्थलमै मृत्यु भएको थियो। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुली लगिएको प्रहरीले जानकारी दिएको छ।

काभ्रेपलाञ्चोक जिल्लाको चौरीदेउराली गाउँपालिका-८, बिर्तामा मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालकको मृत्यु भएको छ। चालक रोशी गाउँपालिका-९ का २५ वर्षीय सुमन कुमार लामा रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार बेलुका ७ बजेको समयमा देउराली स्वास्थ्य चौकी नजिकै मोडमा भित्री बाटोबाट मध्यपहाडी लोकमार्ग निस्कँदै गरेको बागमती प्रदेश ०२-०३० प ३२६८ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको थियो । दुर्घटना हुँदा सुमन र पछाडी सवार तेमाल गाउँपालिका-५ का ४० बर्षीय सरोज लामा घाइते भएका थिए। घाइते दुबैलाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा सुमनको राती १० बजे मृत्यु भएको र सरोजको उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ।

# जिल्ला प्रशासनमा राष्ट्रिय परिचयपत्र बनाउन आउनेहरुको भिड

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरमा राष्ट्रिय परिचयपत्र बनाउन आउनेहरुको भिड बढेको छ। केहि महिना पहिलाको तुलनामा परिचयपत्र बनाउन आउनेको भिड बढेको हो ।

अहिले अधिकांश मानिहरुलाई परिचयपत्र लिन समस्या परेको पाइएको छ । जसकारण परिचयपत्र बनाउने मानिसहरु धेरै भिडको कारण फर्कने पनि गरेका छन्। परिचयपत्र बनाउनका लागि अहिलेको समयमा ज्येष्ठ नागरिक आउने गरेको जनाइएको छ।

परिचयपत्र बनाउन आउने मानिसको संख्या अत्यधिक बढेका कारण उभिनका लागि ठाउँ पाएका छैनन् । बिहानको १० बजेदेखि बेलुकाको ३ बजेसम्म प्रतीक्षा गर्दासमेत मुस्किलले परिचयपत्रको विवरण दिन भ्याउने गरेको सेवाग्राहीको भनाइ छ ।

आगामी साउनदेखि बिना राष्ट्रिय परिचयपत्र वृद्धभत्ता नपाउने भएकाले पनि सबै ज्येष्ठ नागरिक परिचयपत्र बानाउन आएका हुन् । करिब एकवर्ष पहिले परिचयपत्रका लागि एक घण्टा पर्खनु पर्थ्यो भने अहिले ३-४ घण्टाभन्दा बढि कुर्नुपरेको छ। परिचयपत्र बनाउने क्रममा झडप हुनसक्ने अवस्थालाई मध्यनजर गरेर प्रहरीलाई समेत परिचालन गरिएको छ।

राष्ट्रिय परिचयपत्र बनाउन आफ्नो फारममा भएको व्यक्तिगत विवरणलाई राम्रोसँग समावेश गर्नुपर्ने जनाइएको छ। राष्ट्रिय परिचयपत्रको लागि सम्बन्धित व्यक्तिको आवश्यक कागजात हुनुपर्छ।

चार दिन पहिला परिचयपत्र बनाउन आउने सेवाग्राहीहरु कोचिएर अत्यधिक भिडमा प्रतीक्षा गर्नुपरेका कारण जिल्ला प्रशासन कार्यालय मकवानपुरको सेवा प्रवाहप्रति असन्तुष्टि व्यक्त गरिएको थियो । सेवाग्राहीहरु बिरामी हुँदा पनि परिचयपत्रका लागि घण्टौं समय कुरेर बस्नुपरेको गुनासो सेवाग्राहीले गरेका थिए।

# अपाङ्गता भएका १५ जनालाई मौरीसहितको घार वितरण




समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले अपाङ्गता भएका १५ जनालाई मौरीसहितको घार वितरण गरेको छ। बिहीबार हेटौंडा उपमहानगरपालिकाको महिला, बालबालिका तथा समावेशिकरण शाखाको आयोजना तथा वडा नम्बर ३ को समन्वयमा १५ जनालाई मौरीसहितको घार वितरण गरिएको महिला, बालबालिका महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले जानकारी दिनुभयो ।

वडा अध्यक्ष ढलकबहादुर थापाको अध्यक्षतामा घार वितरण गरिएको थियो । अपाङ्गता भएकाहरुको आर्थिक सशक्तिकरण गर्ने, जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले घार वितरण गरिएको लामिछानेले जानकारी दिनुभयो । उपमहानगरपालिकाले अपाङ्गता भएका १५ जना व्यक्ति वा परिवारका सदस्यलाई जेठ २२ गतेदेखि २४ गतेसम्म तालिमको आयोजना गरेको थियो । तालिम र घार वितरणमा २ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएकोमा १ लाख ७० हजार रुपैयाँ खर्च भएको लामिछानेले बताउनुभयो । उपमहानगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरु लक्षित विभिन्न सीपमूलक तालिम आयोजना गर्दै आएको छ ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## जनहितमा जारी सन्देश

नेपालको संविधान भाग ३ मौलिक हकको धारा ३८ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ र 'बालबालिका सम्बन्धी ऐन, २०७५' समेतलाई कार्यान्वयन गर्न गराउनका लागि तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर किशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानुन बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौ ।

साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटेल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई, नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानुन बमोजिम हुने व्यवहोरा पनि जानकारी गराइन्छ ।

विष्णु बहादुर दाहाल
अध्यक्ष तथा
६ नम्बर वडा कार्यालय परिवार

## हृदयघात सम्बन्धि जानकारी

नेपालमा हृदयघातको बिरामी बढ्दै गइरहेको छ । यस रोगबाट मृत्यु र अन्य दीर्घकालीन समस्या हुनसक्छ । खुसीको कुरा, हाम्रो आफ्नो नियमित वानी व्यहोराले हृदयघात बाट बच्न सकिन्छ ।

कस्तो वानि व्यहोराले बच्न सकिन्छ त ?

- सूर्तीजन्य पदार्थ प्रयोग नगर्ने,
- मध्यपान सेवन नगर्ने,
- स्वास्थ्यकर खाना खाने,
- नियमित रुपमा व्यायाम गर्ने,

निम्न लक्षण देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउने

१. छातिको बिच भागमा वा बायाँतिर दुख्ने र सो दुःखाई घाँटी, बायाँ पाखुरातिर सर्ने भएमा ।
२. छातिमा भारीपन वा मन्द मन्द दुखेमा ।
३. छाति दुख्नुको सँगसँगै पसिना आउने, वाकवाकी लाग्ने, उल्टी हुने, डर लाग्ने, छटपटी हुने, मुटुको ढुकढुकी बढ्ने, रिंगटा लाग्ने भएमा ।

बागमती प्रदेश सरकार अन्तर्गत रहेको १३ प्रादेशिक अस्पतालका चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई हृदयघात व्यवस्थापन तालिम दिई सेवा सुरु भइसकेको र बागमती प्रदेशका बिरामीहरुलाई शहिद गंगालाल हृदय केन्द्रको सुपरिवेक्षण सेवा प्रदान सुरु गरेको हुँदा स्वास्थ्यकर वानी अपनाई रोगबाट बच्न र समस्या देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउन अनुरोध छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ